# मा. अर्थमन्त्रीज्यूको सचिवालयको तर्फबाट जारी प्रेस नोट

८ असोज २०७८

वर्तमान सरकारले स्यानीटरी प्याडको आयातमा भन्सार महशुल बढाएको भनी सामाजिक सञ्जाल र कतिपय संचारमाध्यममार्फत फैलाइएको हल्लाप्रति ध्यानाकर्षण भएको छ ।

स्यानीटरी प्याड आयातमा आ.व. २०६९/७० अघिदेखि लाग्दै आएको १५ प्रतिशत भन्सार महशुल आर्थिक ऐन २०७८ मा जस्ताको तस्तै कायम राखिएको हो, बढाइएको होइन । तसर्थ वर्तमान सरकारले महशुल बढाएको भन्ने तथ्यहीन हल्लाहरुको भ्रममा नपर्न सरोकारवाला सबैमा अनुरोध गर्दछौं । बरु स्यानीटरी प्याड उत्पादन गर्ने स्वदेशी उद्योगमा प्रयोग हुने कच्चा पदार्थ आयातमा लाग्दै आएको १० प्रतिशत भन्सार महशुल आधा घटाएर ५ प्रतिशत मात्र कायम गरिएको छ । स्वदेशी उद्योगलाई प्रोत्साहन गरी आयात प्रतिस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यले कच्चा पदार्थ आयातमा भन्सार शुल्क घटाइएको हो । यसरी ऐनमा स्पष्टसँग लेखिएको कुराको तथ्यपरक अध्ययन नगरी वा जानी जानी गलत र भ्रामक हल्ला फैलाएर जनमानसमा नकारात्मक सन्देश प्रवाह गर्न खोज्ने तत्वहरुको भ्रममा नपर्न हार्दिक अनुरोध गर्दछौं ।


आर्थिक अध्यादेश २०७८
२०७८।२।१५

खण्ड ७१) अतिरिक्ताङ्क १९ नेपाल राजपत्र भाग २ मिति २०७८।०२।१५

| | | | |
|---|---|---|---|
| | | सहितको तयारी | |
| | ९६१७.००.९० | ---पार्टपुर्जाहरु | १५ |
| ९६.१९ | | जुनसुकै पदार्थका स्यानिटरी टावेल (प्याड) र टेम्पोनहरु, केटाकेटीहरुका न्याप्किन र पुछ्ने रुमाल (न्यापकिन लाइनर) हरु तथा यस्तै सामानहरु। | |
| | ९६१९.००.१० | ---स्यानिटरी टावेल (प्याड) | १५ |
| | ९६१९.००.४० | ---टेम्पोनहरु र मेन्सट्रुवल कप | १५ |
| ९६.२० | | मोनोपोड्हरु, बाइपोड्हरु, ट्राइपोडहरु र यस्तै सामग्रीहरु। | |
| | ९६२०.००.१० | ---स्मार्ट फोनका लागि उपयुक्त सेल्फी स्टिक | १५ |
| | ९६२०.००.९० | ---अन्य | १५ |

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि यस अनुसूचीको दफा २ देखि २२ सम्म लेखिएका कुराको हकमा सोही बमोजिम हुनेछ।

२. यात्रुले ल्याउने मालवस्तु सम्बन्धमाः यात्रुले भन्सार महसुल छुटमा ल्याउन पाउने मालवस्तु बाहेक यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना अनुसार विदेशबाट आफूसँग ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालवस्तुमा दरबन्दी अनुसार महसुल लाग्नेछ।

तर,


आर्थिक विधेयक २०७८
२०७८।५।२५

| | | | |
|---|---|---|---|
| | | भेसेल्स (भाँडा), बट्टा सहितको तयारी; त्यसको पार्टपुर्जा, भित्री काँच बाहेक। | |
| | ९६१७.००.१० | ---भ्याकुम फ्ल्यास्क | १५ |
| | ९६१७.००.२० | ---भ्याकुम भेसेल्स (भाँडा), बट्टा सहितको तयारी | १५ |
| | ९६१७.००.९० | ---पार्टपुर्जाहरु | १५ |
| ९६.१९ | | जुनसुकै पदार्थका स्यानिटरी टावेल (प्याड) र टेम्पोनहरु, केटाकेटीहरुका न्याप्किन र पुछ्ने रुमाल (न्यापकिन लाइनर) हरु तथा यस्तै सामानहरु। | |
| | ९६१९.००.१० | ---स्यानिटरी टावेल (प्याड) | १५ |
| | ९६१९.००.४० | ---टेम्पोनहरु र मेन्सट्रुवल कप | १५ |
| ९६.२० | | मोनोपोड्हरु, बाइपोड्हरु, ट्राइपोडहरु र यस्तै सामग्रीहरु। | |
| | ९६२०.००.१० | ---स्मार्ट फोनका लागि उपयुक्त सेल्फी स्टिक | १५ |
| | ९६२०.००.९० | ---अन्य | १५ |

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि यस अनुसूचीको दफा २ देखि २२ सम्म लेखिएका कुराको हकमा सोही बमोजिम हुनेछ।

२. यात्रुले ल्याउने मालवस्तु सम्बन्धमाः यात्रुले भन्सार महसुल छुटमा ल्याउन पाउने मालवस्तु बाहेक यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना अनुसार विदेशबाट

२२९